# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. ०७७/०७८

च.न. १५०२

मिति : २०७७/०७/२६

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय रत्ननगर, चितवन बागमती प्रदेश, नेपाल स्था:२०७३

**विषय : सवारी साधन संचालन सम्वन्धमा ।**

**श्री सवै संस्थागत विद्यालय**

**रत्ननगर,चितवन**

प्रस्तुत विषयमा कोरोना ( कोभिड - १९) को संक्रमणवाट वढी प्रभावित स्थानीय तहहरुमध्ये रत्ननगर नगरपालिकामा पनि संक्रमित दर उच्च छ । प्रत्यक्ष सिकाइ क्रियाकलाप हुन सक्ने अवस्था रहेको यकिन भएमा निश्चित शर्त तोकी वडाध्यक्षले अनुमती दिन सक्ने गरी नगर शिक्षा समिति र नगरकार्यपालिकावाट निर्णय भएकाले सोही वमोजिम च.न. १२६३ मिति २०७७।०६।२७ मा वडा कार्यालयलाई पत्र लेखी विद्यालयलाई वोधार्थ पठाइएको छ । कोरोना (कोभिड -१९) को संक्रमण तत्काल रोकिने संकेत पनि देखिएको छैन । यसर्थ संक्रमणको रोकथामका उपायहरु अवलम्न गर्नु परेको अवस्थामा संक्रमण वढ्न सक्ने कार्य व्यक्ति तथा संस्थाले गर्न गराउन हुदैन। ।यस्तो अवस्थालाई मध्यनजर राख्दै विद्यालयले अर्को सूचना जारी नगर्दा सम्म विद्यालयको बस संचालन नगर्नु नगराउनु हुन अनुरोध छ ।

बद्रीनारायण शर्मा
नगर शिक्षा अधिकारी

नि. प्रमुख प्रशासकिय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, website: www.ratnanagarmun.gov.np